# मिति २०७५/०८/१९ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

बैठक संख्याः ०७५/७६–९

**निर्णय नं १**

सिद्ध कुमाख गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि डिपिआर तथा माटो परिक्षणको लागि रु १० लाख, वडा नं ३ को प्रशासकीय भवनको लागि डिपिआर तयार गर्नको लागि रु ३ लाख ५० हजार र वडा नं ४ को प्रशासकीय भवनको लागि डिपिआर तयार गर्नको लागि रु ३ लाख ५० हजार सम्बन्धित शिर्षकमा छुट्याएको बजेटबाट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २**

श्री क्यानभास इन्जिनियरिङ्ग कन्सल्टेन्सी कुपन्डोल ललितपुर द्वारा तयार पारेको सिद्ध कुमाख गाउँपालिका अन्तर्गतको ढोरचौर छापडाँडा सडक खन्डको डिपिआर प्रतिवेदन तथा लागत स्टिमेट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँपालिकाको सडक गरुयोजना निर्माण गर्ने र यसको लागि रू १० लाख र चाख्लीघाट सिद्धगुफा कुमाख जोड्ने बाटोको डिपिआर निर्माणको लागि रू ५ लाख पुजिगत परामर्श तथा अनुसन्धान शिर्षकबाट  विनियोजन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ४**

सिद्ध कुमाख गाउँपालिकाले करार सेवामा नियुक्ती हुने हेभी सवारी चालकको तलबभत्ता मासिक रु १९,८७०।-(उन्नाइस हजार आठ सय सहत्तर मात्र) र हलुका सवारी चालकको तलबभत्ता मासिक रु १८,३४०।-(अठार हजार तिन सय चालिस मात्र) कायम गर्ने र अन्य सुविधा प्रचलित नियमानुसार हुने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ५**

सिद्ध कुमाख गाउँपालिकामा कार्यान्यन हुने तपसिलका योजनाहरुमा नेपाल सरकारसँग विशेष अनुदान तथा समपुरक अनुदानको लागि माग गर्ने सम्बन्धमा सर्वसम्मतिले निर्णय गरियो।

आ व २०७५।७६ का लागि विशेष अनुदान माग गरिएका योजना

| क्र सं | योजनाको नाम | विशेष अनुदान माग रकम रु |
|---|---|---|
| १ | ढोरचौर छापडाँडा सडक कालोपत्रे | ६२ करोड |
| २ | सिद्ध कुमाख वडा नं ४ र ५ विद्युतीकरण | ४ करोड |

आ व २०७५।७६ का लागि समपुरक अनुदान माग गरिएका योजना

| क सं | योजनाको नाम | समपुरक अनुदान माग रकम रु |
|---|---|---|
| १ | गाउँपालिका प्रशासकीय भवन निर्माण | ४ करोड |
| २ | ३ नं वडा कार्यालय भवन निर्माण | १ करोड ५० लाख |
| ३ | ४ नं वडा कार्यालय भवन निर्माण | १ करोड ५० लाख |
| ४ | खार्वन सागिने सडक निर्माण | १ करोड |

आ व २०७६।७७ का लागि विशेष अनुदान माग गरिएका योजना

| क सं | योजनाको नाम | विशेष अनुदान माग रकम रु |
|---|---|---|
| १ | खार्वन स्वास्थ्य इकाई भवन निर्माण | १ करोड पचास लाख |
| २ | चाख्लीघाट कुमाख सडक स्तरउन्नती | २ करोड |
| ३ | वेलाइती घारी मेलचौर चाख्लीघाट कागखोला कुमाख सडक स्तरउन्नती तथा नयाँ निर्माण | २ करोड |
| ४ | घेरेली लिफ्ट सिस्टम खानेपानी पानी निर्माण | ६० लाख |